प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

## घरबास (होमस्टे) सम्बन्धि सचेतना र क्षमता अभिवृद्धि तालिम गोष्ठी कार्यक्रमका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरिएको गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०१/०८

कर्णाली प्रदेशको ग्रामीण भेग तथा शहरी क्षेत्रमा घरबास (होमस्टे) को माध्यमबाट पर्यटनको विकास प्रर्वद्धन, संरक्षण र व्यवस्थापन गर्ने तथा पर्यटन व्ययवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुचभित्र ल्याउन र घरबास (होमस्टे) का लागि पर्यटकीय संरचनाको निर्माण गर्ने तथा स्थानीयहरुको आय आर्जन र रोजगारीमा अभिवृद्धि गर्ने र पिछडिएको समुदायलाई पनि पर्यटन विकासको मूलप्रवाहमा ल्याएर गरीवी निवारणका लागि उपयुक्त मानिएको घरबास (होमस्टे) पर्यटनको अध्ययन, विकास, प्रर्वद्धन र संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्नका लागि ईच्छुक सेवा प्रदायक संस्था, गै.सं.स., फर्म वा कम्पनीबाट रितपूर्वकको आर्थिक तथा प्राविधिक प्रस्तावना आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१. **प्रस्तावकले निम्नानुसारको कागजात तथा प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।**

क) मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई प्रस्तावना पेश गर्ने मितिले कम्तिमा पनि ३ वर्ष पुरा गरि संस्थाको विधानमा आर्य आर्जन तथा व्यवसाय सीप विकासको क्षेत्रमा कार्य गर्ने उद्देश्यमा किटान गरिएको हुनु पर्नेछ ।

ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

ग) आ.व.२०७४/७५ को कर चुक्ता भएको हुनु पर्नेछ ।

घ) संस्था विधिवत दर्ता भई अद्यावधिक नविकरण भएको हुनुपर्नेछ ।

ङ) कार्यक्षेत्रगत शर्त (ToR) मा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्नेछ ।

च) संस्थाले सम्बन्धित क्षेत्रमा काम गरको अनुभव पत्र तथा प्रगति प्रतिवेदन, गत २ वर्षको लेखापरिक्षणको प्रतिवेदन पनि पेश गर्नुपर्नेछ ।

छ) सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको स्वघोषणा पत्र संलग्न गर्नु पर्नेछ ।

ज) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नु पर्ने छ ।

झ) तोकिएको ढाँचामा प्राबिधिक तथा आर्थिक प्रस्ताब ।

२. प्रस्ताव आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त (**TOR**) प्राप्त गर्न सकिनेछ र १६ औं दिन दिनको १२:०० बजे भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गराईसक्नु पर्नेछ र यसरी दर्ता भएका प्रस्तावहरु सोही दिनको १४:०० बजेदेखि प्रस्तावपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस मन्त्रालयमा खोलिनेछ ।तर प्रस्तावपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन माथि सि.नं. २ मा तोकिएको समय अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ ।

४. रित नपुगेको, म्याद नाघी आएको, सहीछाप र सिलवन्दी नभएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

५. एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा बढी संस्थाले प्रस्ताव पेश गरेको पाइएमा मन्त्रालयमा दर्ता भएको पहिलो प्रस्तावमा उल्लेखित जनशक्तिलाई कायम गरी अन्य प्रस्तावहरुमा उल्लेखित जनशक्ति स्वतः रद्ध हुनेछन् ।

६. विस्तृत विवरण सहितको कार्यक्षेत्रगत शर्त (TOR), प्रस्ताव यस मन्त्रालयको website: **moitfe.karnali.gov.np** वाट Download गर्न सकिनेछ ।

७. प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा रहने छ ।

८. जनशक्तिको रुपमा विशेषज्ञ सहित ४ जनाको टोली प्रस्ताव गर्नु पर्नेछ ।

९. प्रचलित कानूनको अधिनमा रही तयार गरिएको यस कार्यक्षेत्रगत शर्त (**TOR**) मा उल्लेख भएका कुराहरु यसै वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून वमोजिम हुनेछ ।

१०. यस विषयमा थप जानकारी लिनुपर्ने भएमा यस मन्त्रालयको फोन नं. ०८३-५२५२८८ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

सचिव